मिति :- २०७७।०१।०६

स्थान :- चौरजहारी नगरपालिका कार्यालय

समय :- बिहान ठीक ११:०० बजे

आज मिति २०७७।०१।०६ गते यस नगरपालिकाका प्रमुख एवम् विपद् व्यवस्थापन समितिका संयोजक विरान शर्माज्यूको अध्यक्षतामा बसेको विपद् व्यवस्थापन समितिको बैठकले तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा उल्लेखित निर्णय गरियो ।

तपसिल

(क) उपस्थिति

1. नगर प्रमुख श्री विरान शर्मा - संयोजक
2. नगर उपप्रमुख श्री राधा रोका - सदस्य
3. प्रमुख प्रशासकीय अधिकृत श्री रामबहादुर के.सी. - सदस्य
4. इलाका प्रहरी कार्यालय प्रमुख श्री धर्मसिंह सिंह - सदस्य
5. स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख श्री रामकुमार गौतम - सदस्य
6. प्रशासन उपशाखा प्रमुख श्री वेदबहादुर बटाला - सदस्य सचिव
7. चौरजहारी अस्पतालका प्रशासन प्रमुख श्री झिलबहादुर गिरी - आमन्त्रित
8. विरान माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री पदु राना - आमन्त्रित
9. ल्याब टेक्निसियन श्री कृष्णप्रसाद शर्मा - आमन्त्रित

(ख) प्रस्ताव तथा निर्णयहरु

निर्णय नं. १ : कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचारको भरपर्दो संयन्त्र निर्माण गरी परिचालन गर्ने एवम् लकडाउनको निर्णय पूर्ण कार्यान्वयन गर्ने तथा नयाँ कोरोना महामारी (COVID -19) रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वयंसेवक परिचालन सम्बन्धि मार्गदर्शन, २०७६ बमोजिम क्वारेन्टाइन, आइसोलेसन, मानिसहरु तथा सवारी साधनहरुको मुख्य-मुख्य आवतजावत हुने बजारक्षेत्र तथा नाकाहरुमा तीन शिफ्टमा ड्युटि गरी परिचालन गर्ने गरी नगरपालिकाभित्रका मार्गदर्शन अनुसारको योग्यता पुगेका नागरिकहरुमध्येबाट

कम्तिमा १ महिना घटाउने गरी १५ जना स्वयंसेवक बुलेट गरी परिचालन गर्न तत्काल प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. २ : स्वास्थ्यका लागि सबल प्रणालीको मिति २०७७।०१।०३ पत्रको पत्रानुसार कोरोना भाइरसको प्रकोप रोकथाम तथा नियमित स्वास्थ्य सेवा व्यवस्थापनको लागि नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट प्रदान भईरहेका मातृशिशु, बाल स्वास्थ्य तथा परिवार नियोजन सम्बन्धिका सेवाहरु गुणस्तरिय रुपमा निरन्तर सञ्चालन गर्न मद्दत पुऱ्याउने उद्देश्यले उपलब्ध गराउने भनिएको रु १ लाख बराबरको रकमबाट स्वास्थ्य संस्थाहरुको लागि आवश्यक बेड खरिद गर्न खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि स्थापित विभिन्न संयन्त्रहरुलाई प्रभावकारी र समन्वयात्मक रुपमा एकीकृत ढङ्गले परिचालन गर्ने, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र खटिने अन्य कर्मचारीहरुको लागि आवश्यक स्वास्थ्य सुरक्षा सामग्रीहरु N95 मास्क, सर्जिकल गन, PPE, सेनिटाइजर, सर्जिकल मास्क, ग्लोभ्स लगायतको अभाव हुन नदिने । संघ तथा प्रदेश सरकारसँग समेत समन्वय गरी ती सामग्रीहरुको पर्याप्त व्यवस्था मिलाउने, नगरपालिकाले समेत आफ्नै पहलमा ती सामग्रीहरु खरिद गरी व्यवस्थापन गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि खटाईएको कार्यक्षेत्रमा जिम्मेवारी अनुसार काम नगर्ने, पदीय दायित्वबाट च्युत हुने वा कर्तव्य पालनामा बेवास्ता वा लापरवाही गर्ने वा पालना गर्नुपर्ने आचारसंहिता विपरित कार्य गर्ने, अफवाह फैलाउने वा डर, त्रास, भय उत्पन्न गर्ने किसिमले वा नगरपालिकाको विरुद्धमा अनावश्यक टिकाटिप्पणी गर्ने, तथ्यहिन सूचना सम्प्रेषण गर्ने वा मदिराजन्य पदार्थको सेवन गर्ने र यस्तै अन्य अनैतिक र पदीय मर्यादा विपरितका कार्यहरु गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य कर्मचारीहरुको पहिचान गरी त्यस्ता कर्मचारीहरुमध्ये करारमा कार्यरत भए करार अवधि रद्द गर्ने, नगरपालिका अन्तर्गतका स्थायी कर्मचारी भए प्रचलित कानून र नगर कार्यपालिकाको निर्णयानुसार कारवाहीको प्रक्रिया अगाडि बढाउने र नगरपालिका मातहत बाहेकका कर्मचारीहरुलाई निजहरुको सम्बन्धित माथिल्लो निकायमा कारवाहीको लागि लेखि पठाउने निर्णय गरियो ।